# जायज आलोचना

'**समाज** चिनाउने जमर्को' शीर्षकमा समाज अध्ययन जर्नल (११औं अङ्क) को समीक्षा प्रकाशित भएकोमा खुशी लागेको छ। समीक्षाभित्रको एक प्यारामा 'म्यागासेसे पुरस्कारधारी महावीर पुनलाई आलोचनाकै लागि गरिएको आलोचनाले लेखको ओज घटाएको' भनेर लेखिएको रहेछ। जर्नलमा 'ताङतिङमा इन्टरनेट आगमनको कथा' शीर्षकमा मेरो लेख प्रकाशित छ। जहाँ मैले पुनको सन्दर्भलाई उठाएको छु। ताङतिङ पोखराबाट २७ किलोमिटर उत्तरपूर्वमा पर्ने उच्च पहाडी गाउँ हो। यो गाउँमा पुगेको इन्टरनेट प्रविधिको आरोह-अवरोह लेख्ने क्रममा 'ग्रामीण इलाकामा इन्टरनेट पहिलो पटक पुऱ्याउने श्रेय पुनलाई दिइन्छ' भनेको छु। पुनले 'प्राविधिक रूपमा' दुर्गममा इन्टरनेट पुऱ्याउन संभव भएको देखाइदिए पनि मर्मतसंभार तथा अन्य प्राविधिक समस्या समाधान गर्नेतर्फ ध्यान दिएनन्। जसले पहुँचपश्चात् भविष्यमा आउने प्राविधिक समस्यालाई हल गर्न संयन्त्र तयार गरिएन भन्ने मेरो तर्क हो। इन्टरनेट जोड्ने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) कार्यालयका कर्मचारी, ताङतिङको हिमालयन मिलन माविका शिक्षक, पोखराका केही स्थानीय आईएसपी सञ्चालकसँग गरिएको कुराकानीको आधारमा यस्तो लेखिएको हो।

मसँग कुराकानी गरेका उल्लिखित र अन्य व्यक्तिहरूले इन्टरनेट 'जोड्ने र छाड्ने' यो तरिकाले डाँडाकाँडामा गरेको ठूलो लगानी खेर गयो पनि भनेका छन्। यो तरिका पुनको मात्र होइन नेपाल टेलिकमले पनि प्रविधिको विस्तारमा यस्तै रवैया अपनाएको छ। २०६७ सालमा एनटी सेटेलाइटको सेवा पनि एक वर्ष नचल्दै बन्द भयो। न इन्टरनेट, न मर्मत। अरू नेपाल टेलिकमले त इन्टरनेट नचलाए पनि ताङतिङवासीलाई बक्यौता रकम समेत तिरायो। महावीर पुन र नेपाल टेलिकमको असफलतापछि पोखराको स्थानीय गोरेटो नामक ग्रामीण आईएसपीमार्फत सिक्लेस तथा ताङतिङमा इन्टरनेट निरन्तर चलेको छ। मैले लेखमा यसबारे पनि उल्लेख गरेको छु।

यो आधारमा प्रविधि जोड्नु मात्रै प्रविधिको प्रसार होइन भन्ने बुझिन्छ। पुन र नेपाल टेलिकम भन्दा गोरेटो नामक स्थानीय आईएसपीले दिएको सेवा तुलनात्मक रूपमा निरन्तर छ। त्यसैले समीक्षकले भनेझैं 'आलोचनाको लागि मात्र आलोचना' गरेको होइन।

अर्जुन पन्थी, मार्टिन चौतारी